लेखापरीक्षण प्रतिवेदन

मल्लरानी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मल्लरानी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/514

श्रीमान् अध्यक्षज्यू,
मल्लरानी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, प्युठान ।

विषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/514

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

मल्लरानी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, प्युठान ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. ९९ करोड ६४ लाख ७० हजारको लेखापरीक्षणबाट रु. १ करोड २२ लाख ६५ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १८ लाख १९ हजार फस्योंट भई असुल गर्नुपर्ने रु.१४ लाख ८७ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रु. १० लाख र नियमित गर्नुपर्ने रु. ७९ लाख ५९ गरी जम्मा रु. १ करोड ४ लाख ४६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.८ करोड ६६ लाख ८८ हजार भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. ९ करोड ७१ लाख ३४ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले त्यस गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत मल्लरानी उँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४९	२४	१,२२,६५,२८८	०	१३	१८,१९,१३१	०	४९	११	१,०४,४६,१५७	१४,८६,५८६	७९,५९,७१८	९,९९,८५३	०	०	८९,५९,५७१	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
प्यूठान	८,६६,८७,९८०	०	०	८,६६,८७,९८०	०	१,०४,४६,१५७	९,७१,३४,१३७

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	४५.४	परामर्श सेवा खरिद	२,००,७९१
२	२०८१/८२	४२.१,४२.३	जनजागृति प्रा.वि. विद्यालय भवन	८२,२७२
३	२०८१/८२	४१	एकमुष्ट नापी किताब	११,९६,५००
४	२०८१/८२	३८	उपभोक्ता समितितर्फका योजनाहरु	३,३९,५६८
जम्मा				१८,१९,१३१

मल्लरानी गाउँपालिका, प्युठान

(८०५५५५०५३००)

मल्लरानी गाउँपालिका , प्यूठान

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- लुम्बिनी प्रदेशमा अवस्थित यो मल्लरानी गाउँपालिकामा साबिकका चुजा,धरमपानी,रस्पुरकोटका वडा नं ६,७,८ र ९ सम्म,प्यूठान नगरपालिकाका वडा नं. १, २, ३, ५ र १८ मिली बनेको छ। यो गाउँपालिकाको पूर्व अर्घाखाचीको भुमिकास्थान न.पा.,मालारानी गा.पा. , दक्षिण प्यूठान न.पा. र एरावती गा.पा. पर्दछ भने पश्चिम प्यूठान न.पा. र उत्तर झिमरुक गा.पा. पर्दछ । मल्लरानी गाउपालिका करिव ८०.०९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१३ देखि २०८२।५।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आयतर्फ रु.५०,३२,३९,०३९.५४/- र व्ययतर्फ रु.४९,३२,३०,६५८.१२/- गरी रु.९९,६४,६९,६९७.६६को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१०९२९३/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पारिश्रमिक कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरेको	३८२१३
२	१ शिक्षकलाई १ महिनाको तलब बराबर बढी निकासा भएको	३४७३०
३	वैठक भत्ता वापतको रकम बढी भुक्तानी भएको	३६३५०
	जम्मा रु.	१,०९,२९३।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आय-व्यय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी, धरौटी, कार्य सञ्चालन कोष, अन्तर सरकारी अख्तियारी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरू समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को समग्र अवस्था निम्नबमोजिम रहेको छ।

आय			व्यय		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
शुरु मौज्दात		५५०६५२९४.५६	चालु खर्च		२४२८६८०३३.२
१.संचित कोष	३३७५०१०४.४४		१. पालिका तर्फ	९०५३३७०३.८२	
२.धरौटी	११५६४७४८.१७		२. संघीय सशर्त	१५१९८८५९९.४	
३.कार्यसञ्चालन कोष	४१६३०९८.०१		३. संघीय विशेष	०	
४. अन्य कोष (आकष्मिक, कर्मचारी कल्याण तथा प्रकोप)	५५८७३४३.९४		४. प्रदेश सशर्त	३४५७३०	
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	५७८०३८८.२६	५७८०३८८.२६	पुँजीगत खर्च		९२७२६७९५
२. वित्तीय हस्तान्तरण (संघ)		३२८७२१२९२.२	१. पालिका तर्फ	६३५००३१४	
क) समानीकरण अनुदान	७६२५२५६०		२. संघीय सशर्त	७४४४१९२	
ख) राजस्व बाँडफाँट	६९८७०५२१.१५		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	१७२१२०७३७		४. संघीय समपुरक	१०४२१३३३	
घ) समपुरक अनुदान	१०४७७४७४		५. प्रदेश सशर्त	५९०८८६२	
ङ) विशेष अनुदान	०		६. प्रदेश विशेष	१२३६५००	
च) रोयल्टी	०		७. प्रदेश समपुरक	४२१५५९४	
छ) अन्य	०		अन्तर सरकारी अख्तियारी (संघ)		१३३६२४०९८.३
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२२१५६२१६.६६	क) सामाजिक सुरक्षा	७५७८७६२८	
क) समानीकरण अनुदान	५२७१०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३३२९९०३.३	
ख) राजस्व बाँडफाँट	३९५३५००.६६		ग) बिद्यालय शिक्षा क्षेत्र योजना	५१४०००	
ग) सशर्त अनुदान	६९९१७१६		घ)एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	३५३८१०००	
घ) समपुरक अनुदान	४६२००००		ङ)स्थानिय पुर्वाधार विकास कार्यक्रम	१८६११५६७	
ङ) विशेष अनुदान	१३२००००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
च) रोयल्टी			ऋण फिर्ता(साँवा)		
छ) अन्य			ऋणको ब्याज भुक्तानी		
			धरौटी तथा कोषको खर्च		१००४२६१५
४. अन्तर सरकारी अख्तियारी (संघ)		१३३६२४०९८.३	धरौटी फिर्ता	२५७३८२९	

क) सामाजिक सुरक्षा	७५७८७६२८		कार्यसञ्चालन कोषबाट भएको खर्च	७४६८७८६	
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३३२९९०३.३		अन्य कोषबाट भएको खर्च	०	
ग) बिद्यालय शिक्षा क्षेत्र योजना	५१४०००		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
घ)एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	३५३८१०००		अन्य सहयोगमा सञ्चालित योजना		
ङ)स्थानीय पूर्वाधार विकास कार्यक्रम	१८६११५६७		अन्य खर्च भएमा		
…………..			अनुदान फिर्ता		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		१. संघ तर्फ		१२७४४०८६.६
६. ऋण/ वित्तीय व्यवस्था	०		क) सशर्त अनुदान	११६२१२०८.६	
धरौटी तथा कोषहरुको आय		१२९५७०४४.१६	ख) विशेष अनुदान	०	
७. धरौटी आय	५१२९०७४		ग) समपुरक अनुदान	११२२८७८	
८. कार्यसञ्चालन कोष आय	७८१२७३२.४५		२. प्रदेश तर्फ		१२२५०३०
९. अन्य कोषको आय	१५२३७.७१		क) सशर्त अनुदान	७३७१२४	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			ख) विशेष अनुदान	८३५००	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			ग) समपुरक अनुदान	४०४४०६	
१२. अन्य आय भएमा			अन्तिम मौज्दात		६५०७३६७५.९७
			१. संचित कोषको मौज्दात	४०८५९२९४.४	
			२. धरौटी	१४११९९९३.१७	
			३. कार्यसञ्चालनकोष	१००९४३८८.४	
			४. अन्यकोष		
जम्मा		५५८३०४३३४.१	जम्मा		५५८३०४३३४.१

कार्यालयको वित्तीय प्रतिवेदन म. ले. प. फा. नं. २७० अनुसार आर्थिक वर्षको अन्त्यमा कुल मौज्दात रु.६,५०,९७,४२६.९७ रहेकोमा उल्लिखित एकिकृत आय व्यय विवरण अनुसार कुल मौज्दात रु.६,५०,७३,६७५.९७ उल्लेख भएकोले फरक रकम रु२३७५१ सम्बन्धमा कार्यालयले यकिन गर्नु पर्ने देखिन्छ।

३ **बैङ्क मौज्दात विवरण**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गिकरण अनुसार राख्नु पर्ने व्यवस्था छ।पालिकाको वित्तीय विवरण अनुसार स्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ।

क्र.सं.	विवरण	स्रेस्ता बमोजिमको मौज्दात	बैंक खाता बमोजिम को मौज्दात
१	स्थानीय सञ्चित कोष खाता	४०८५९२९४.४०	४०८५९२९४.४०
२	स्थानीयतहधरौटीखाता	१४११९९९३.१७	१४११९९९३.१७
३	स्थानीयतहविविधकोषखाता	५४७८०२६.३०	५४७८०२६.३०
४	प्रकोषव्यवस्थापनकोष	२७३८९८१.३७	२७३८९८१.३७
५	स्थानीय तह विविध खर्च खाता	३१०६०८.१६	३१०६०८.१६
६	आकष्मिक कोष	१५६६७७२	१५६६७७२
	जम्मा	६५०७३६७५.४	६५०७३६७५.४

४ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ बमोजिम संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्ष भित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकालाई यस वर्ष संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम मध्ये खर्च नभई बाँकी रहेको रकम फिर्ताको स्थिति देहाय बमोजिम छः

क्र.सं	**विवरण**	**निकासा रकम**	**खर्च**	**फिर्ता**	फिर्ता मिति
१.	नेपाल सरकार शशर्त अनुदान चालु	१६२०५४०००	१५१९८८५९९.४०	१००६५४००.६०	२०८२।३।३०
२.	नेपाल सरकार शशर्त अनुदान पुँजिगत	१००६६७३७	७४४४१९२.००	२६२२५४५.००	२०८२।३।३०
३.	नेपाल सरकार समपुरक अनुदान	१०४७७४७४	१०४२१३३३.००	५६१४१.००	२०८२।३।३०
	नेपाल सरकारको जम्मा	**१८२५९८२११.००**	**५५१५७३४५.००**	**१२७४४०८६.६०**	
५.	प्रदेश सरकार शशर्त अनुदान पुँजिगत	६९९१७१६.००	६२५४५९२.००	७३७१२४.००	२०८२।३।३१
६.	प्रदेश सरकार विशेष अनुदान पुँजिगत	१३२००००.००	१२३६५००.००	८३५००.००	२०८२।३।३१
७.	प्रदेश सरकार समपुरक अनुदान	४६२००००.००	४२१५५९४.००	४०४४०६.००	२०८२।३।३१
	प्रदेश सरकार जम्मा	**१२५८९९६८.००**	**११७०६६८६**	**१२२५०३०**	

५ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ भने नेपाल सरकारबाट प्राप्त अख्तियारी बमोजिमको सामाजिक सुरक्षा तथा संरक्षण ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम र विद्यालय शिक्षा क्षेत्र योजना समेत रु.१३३६२४०९८।३० खर्चको लेखा नेपाल सरकारको विद्युतीय लेखा प्रणाली(CGAS) मा राख्ने गरेको छ। गाँउपालिकाको आर्थिक कारोवारको लेखा राख्न दुई सफ्टवेयर सञ्चालनमा रहेको तर पालिकाले सम्पूर्ण कारोकार समेटि एकिकृत वित्तीय प्रतिवेदन तयार गरेको देखिएन। पालिकाका सबै कारोबारको एकिकृत वित्तीय प्रतिवेदन तयार गर्नु पर्दछ।

अन्तर सरकारी अख्तियारी तर्फ नेपाल सरकारबाट प्राप्त भएको अख्तियारी देहाय बमोजिम छः

क्र.सं.	ब.उ.सि.नं.	विवरण	वार्षिक बजेट	निकासा/खर्च
१.	३१४०१०१२३	सामाजिक सुरक्षा	७६२५२०००	७५७८७६२८
२.	३७०००११६४	एकिकृत स्वास्थ्य पूर्वाधार	३५३८१०००	३५३८१०००
३.	३६५०१११६४	स्थानीय पूर्वाधार सहयोग कार्यक्रम	२०९९७०००	१८६११५६७
४.	३७०००११४३	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४६०००००	३३२९९०३.३
५.	३५००११०१३	विद्यालय शिक्षा क्षेत्र योजना(केन्द्र सरकार)	१६२४०००	५१४०००
		जम्मा	१३८८५४०००	१३३६२४०९.३०

पालिकाको सबै कारोवार समेटिने गरी वित्तीय विवरण तयार गर्नु पर्दछ।

६ पालिका आय व्यय

पालिकाले यसवर्ष आन्तिरक आय, राजस्व बाँडफाँड र समानीकरण अनुदान बाट रु.१९,४८,९३,३१२.२० आम्दानी गरेकोमा चालु तर्फ रु.९,०५,३३,७०३.८२ (५८.७७ प्रतिशत) र पूँजिगत तर्फ रु. (४१.२२ प्रतिशत) समेत रु.१५,४०,३४,०१७.४२ खर्च गरेको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.७६ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.५७ लाख २ हजार खर्च भएको छ जुन आन्तरिक आयको ९८.३९ प्रतिशत रहेको छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

आम्दानी		खर्च	
विवरण	**रकम**	**विवरण**	**रकम**
गत वर्षको जिम्मेवारी	३३७५०१०४.४४	चालु खर्च	९०५३३७०३.८२
आन्तरिक आय	५७९५६२५.९५	पुँजिगत	६३५००३१४.००
राजस्व बाँडफाँट(संघ/प्रदेश	७३८२४०२१.८१	बचत	४०८५९२९४.४
समानीकरण अनुदान संघ	७६२५२५६०.००		
समानीकरण अनुदान प्रदेश	५२७१०००.००		
जम्मा	**१९४८९३३१२.२०**	**जम्मा**	**१९४८९३३१२.२०**

(विस्तृत विवरण बेरूजु दफा ६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७ बजेट पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.४१ करोड ८६ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

८ क्षेत्रगत बजेट र खर्च विवरण

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । सभाले विनियोजन गरेको बजेट खर्च मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५४.४३ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ३.०६

प्रतिशत रहेको छ । पालिकाको आर्थिक वर्ष २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रु हजारमा)

मुख्यक्षेत्र	वार्षिकवजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिकविकास	१०८०३	१०२८	३.०६
सामाजिकविकास	१९९६८६	१८२६९	५४.४३
पूर्वाधारविकास	१११८९५	६५९००	१९.६४
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१२९२६	१०६९३	३.१९
कार्यालय सञ्चालन तथा प्रशासनिक	८३३३९	६६०२७	१९.६८
जम्मा	४१८६४९	३३५५९४	१००

पालिकाले सबै क्षेत्रमा सन्तुलित बजेट विनियोजन गर्दै लक्ष्य प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९ वार्षिक लक्ष्य तथा प्रगति

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ। पालिकाको लागि यस वर्ष पालिका पुँजिगत तर्फ रु.१४ करोड ४४ लाख १६ हजार वजेट व्यवस्था भएकोमा देहाय बमोजिम रु.९ करोड २७ लाख (वजेटको तुलनामा ६४.२ प्रतिशत) खर्च भएको छ। लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

शीर्षक(पुँजिगत)	बार्षिकबजेट	बजेट	खर्च	खर्च प्रतिशत
३१११९	आवासीय भवन निर्माण/खरिद	९२,७२,०००.००	११,००,०००.००	११.८६
३१११२	गैर आवासीय भवन निर्माण/खरिद	६२,५०,०००.००	४६,८२,२६७.००	७४.९१
३१११३	निर्मित भवनको संरचनात्मक सुधार खर्च	१,५०,०००.००	४७,७८५.००	३१.८५
३११२२	मेशिनरी तथा औजार	२६,६०,०००.००	२३,८४,३१८.००	८९.६३
३११२३	फर्निचर तथा फिक्चर्स	१८,५८,०००.००	१८,२२,२६८.००	९८.०७
३११३४	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च	४,००,०००.००	३,९८,८९०.००	९९.७२
३११५१	सडक तथा पूल निर्माण	८,९८,१७,१२१.००	५,३६,१४,३१७.००	५९.६९
३११५५	सिंचाई संरचना निर्माण	१९,४०,०००.००	१८,७०,२१४.००	९६.४
३११५६	खानेपानी संरचना निर्माण	१,०५,२८,१५२.००	८६,०२,०१८.००	८१.७
३११५७	वन तथा वातावरण संरक्षण	१०,७७,५००.००	१०,४४,४३२.००	९६.९३
३११५८	सरसफाई संरचना निर्माण	९,९२,५००.००	९,८०,९६७.००	९८.८३
३११५९	अन्य सार्वजनिक निर्माण	१,६९,७०,८७९.००	१,४२,४८,८८०.००	८३.९६
३११७१	पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण	०.००	०.००	०
३११७२	पूँजीगत अनुसन्धान तथा परामर्श	२५,००,०००.००	१९,३०,४३९.००	७७.२१
	जम्मा	१४,४४,१६,१५२.००	९,२७,२६,७९५.००	६४.२

१० त्रैमासिक खर्च

कार्यालयको लागि स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ।पुँजिगत बजेट खर्चको त्रैमासिक खर्च स्थिति निम्नानुसार रहेको छः

क्र.स	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च (रकम रु. हजारमा)				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
१	पूँजिगत खर्चतर्फ	९२७२७	३२२७	४३४६	९०२९	७६१२५	४९४७१
२	प्रतिशत	१००	३.४८	४.६८	९.७४	८२.१०	५३.३५

उल्लिखित विवरण अनुसार कुल खर्चमध्ये प्रथम त्रैमासिकमा ३.४८ प्रतिशत, दोस्रो त्रैमासिकमा ४.६८ प्रतिशत, तेस्रो त्रैमासिकमा ९.७४ प्रतिशत र चौथो त्रैमासिकमा ८२.१० प्रतिशत तथा आषाढ महिनामा मात्र ५३.३५ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने र अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

११ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र नियम १०६ बमोजिम लिलाम गर्नुपर्ने सामान जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले १ महिना भित्र लिलाम प्रकृया सुरु गर्नु पर्ने व्यवस्था छ।कार्यालयले जिन्सी निक्षण प्रतिवेदनमा लिलामी गर्नुपर्ने उल्लेखित भएको जिन्सी सामानको नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । पालिकाको वडाको बजेटबाट विद्यालयको लागि खरिद गरिएका फर्निचर पाम्समा दाखिला नभएको र ईन्धन पाम्समा दाखिला नभएको पाईयो। अतः पालिकाले जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ।

१२ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९को २(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.३२ लाख ३ हजार भुक्तानी दिएको छ। त्यस्तै आर्थिक वर्ष २०८१।८२को बजेटले नपुगेको भनी रु.८८ लाख ९६ हजार पुँजिगत दायित्व सिर्जना गरेको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

१.कार्य विवरण - निजामती सेवा ऐन २०४९ को दफा ५क बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

२.ठेक्का अभिलेख - ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

३.भ्रमण खर्च उपलब्धीको मूल्याङ्कन - भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले कर्मचारीको भ्रमण तथा अनुगमन वापत रु. ९ लाख ८५ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश भएपछी भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन।

४.इन्धन खर्चको अभिलेख - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९,५६,५७ तथा नेपाल सरकारको लेखा निर्देशिका २०७३ बमोजिम प्रमाणीत पुष्ट्याईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था रहेको।कार्यालयमा प्रयोग हुने सवारी साधन तथा मेशिनरी उपकरणहरुमा प्रयोग भएको इन्धनको लगबुक तथा अन्य बिवरण PAMS V2 प्रणालीमा अध्यावधिक भएको नदेखिएकोले नेपाल सरकारले प्रयोगमा ल्याएको PAMS V2 प्रणालीमा कार्यालयले खरिद तथा प्रयोग गरेको इन्धनको अभिलेख राखी ईन्धन खर्चमा पारदर्शिता र आन्तरिक नियन्त्रण कायम गर्नु पर्ने देखिन्छ।

४.भुक्तानी कारोवारको सिफारिस पत्र - आर्थिक प्रशासनलाई व्यवस्थित गर्न र आन्तरिक नियन्त्रण कायम गर्न नेपाल सरकारले विभिन्न म.ले.प.फाराम तर्जुमा गरी महालेखापरीक्षकबाट स्विकृत गराई लागु गरेको छ। प्राविधिक तथा अन्यशाखाहरुबाट आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक अन्य कागज पत्रहरु सहित सिफारिसको लागि म.ले.प.फा.न. २०२ (भुक्तानी कारोवारको सिफारिस पत्र) तर्जुमा गरिएकोमा भुक्तानी गरिएका बिल भर्पाई तथा अन्य कागजात साथ उक्त फाराम संलग्न रहेको देखिएन। नेपाल सरकारबाट तर्जुमा गरी लागु गरिएको म.ले.प.फा.न. २०२ भुक्तानी कारोवारको सिफारिस पत्र प्रयोगमा ल्याई आन्तरिक नियन्त्रण कायम गर्नु पर्दछ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकाले गत वर्ष देखिनै आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। यस सम्बन्धमा आन्तरिक लेखापरीक्षकको दरबन्दी रिक्त रहेकोमा प्रदेश लोकसेवा आयोगमा माग गरिएकोमा पूर्ति नभएको भन्ने कार्यालयको भनाई रहेको छ। रिक्त दरबन्दी समयमा पूर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१५ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ। जसअनुसार पालिकाले १७ ऐन, ३ नियमावली तथा ६३ कार्यबिधि तर्जुमा गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको विवरण प्राप्त भएको छ।

१६ न्यायिक समितिको कार्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिमा गतवर्षको वाँकी ३ र यस वर्षको ७ समेत जम्मा १० मध्ये ९ फर्स्यौट भई १ वाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी वनाउनुपर्दछ ।

१७ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) प्रविष्टी गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकामा दर्ता भएका ३ र अन्यत्र दर्ता भई पालिकाको कार्यक्षेत्रमा पर्ने ५ समेत ८ सहकारी संस्था रहेकोमा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण प्रविष्टी गरेको पाइएन। साथै खलङ्गा कृषि सहकारी लिमिटेडले लेखापरीक्षण नगराएको र विवरण समेत पेश नगरेको कार्यालयले उल्लेख गरेको छ। पालिकाबाट यस वर्ष सहकारीको अनुगमन भएको पाईएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ। साथै विवरण पेश नगर्ने र लेखापरीक्षण नगराउने सहकारीको अनुगमन निरीक्षण गरी कानून बमोजिम कारवाही गर्नु पर्दछ।

१८ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले स्थानीय जनताको लागि आवश्यक हुने नागरिकता, नाता प्रमाणित, घरबाटो, लगायतका सिफारिस गर्ने, जन्म,मृत्यू, विवाह, बसाई सराई लगायतका व्यक्तिगत घटना दर्ता गर्ने, नाता प्रमाणित गर्ने, सडक,सिँचाई,खानेपानी,आवास लगायतका भौतिक संरचना निर्माण तथा मर्मत संभार गर्ने काम कर्तव्य र अधिकार

तोकिएको छ। पालिकाले यस वर्ष प्रवाह गरेका सेवा तथा निर्माण सम्पन्न गरेका भौतिक संरचनाको विवरण खुलाई वार्षिक प्रतिवेदन तयार गरेको देखिएन। लेखापरीक्षणको क्रममा सेवा प्रवाहको विवरण माग गरिएकोमा ९०२ व्यक्तीगत घटना दर्ता गरेको विवरण प्राप्त भएको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सबै सेवा र निर्माण कार्यको प्रगति विवरण तयार गरी समिक्षा गर्नु पर्दछ।

१९ **दरबन्दी तथा पदपूर्तीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४२ दरबन्दी स्वीकृत भएकोमा लेखापरीक्षण अवधि सम्म विभिन्न पदका २७ पदपूर्ती भई १६ रिक्त देखिन्छ। आवश्यकता अनुसार रिक्त दरबन्दी पूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।

२० **करार कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा १२ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु ४५ लाख खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक ईन्जीनियर, असिस्टेन्ट, सव इन्जिनियर,र इन्जिनियर समेत ३ जना करार कर्मचारीको विगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु.१४ लाख ४७ हजार १७३ भुक्तानी गरेको छ। नियमानुसार उल्लिखित पदहरुमा करारबाट पूर्ति गर्ने व्यवस्था नभएकोले पालिकाले उल्लिखित पदहरुमा पदपूर्तिको लागि लोक सेवा आयोगमा अनुरोध गरेकोमा पूर्ति भएको देखिएन।समयमै उल्लिखित रिक्त दरबन्दी स्थाई पूर्ति गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

२१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम स्थानीयतहमा सूचीकृत बेराजगार व्यक्तिलाई न्यूनतम रोजगारीका प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुका विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। चालु आर्थिक वर्षमा कुल सूचीकृत बेरोजगार संख्या ६२४ रहेको र पालिकाका ५ वडामा २० योजना सञ्चालन गरी यस वर्ष ६९ जनालाई औसत १०० दिनले ६९०० दिन रोजगारी उपलव्ध गराई रु.४६ लाख ३१ हजार ६१६ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

२२ **आन्तरिक कोष तथा धरौटी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७० मा गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्ने र दफा ९१ मा स्थानीय तहका कर्मचारी अवकास हुँदा उपलब्ध गराउने सुविधाको प्रयोजनको लागि अवकास कोष स्थापना गर्नुपर्ने उल्लेख छ। पालिकामा रहेका कोष तथा धरौटीको आम्दानी तथा खर्चको विवरण देहाय बमोजिम छः

विवरण	गत वर्षको बचत	यस वर्ष प्राप्त	खर्च	बाँकी
प्रकोष व्यवस्थापन कोष	**४०२०५७१.३७**	**५४५०००**	**१८२६५९०.००**	**२७३८९८१.३७**
विविध कोष	**३९५८६३२.३०**	**५८६४०४०.०**	**४३४४६४६.००**	**५४७८०२६.३०**
ब्याकुलोडर सञ्चालन कोष	११०४४५३.७२	३३६४०४०.००	३०१८०७८.००	१४५०४१५.७२
मर्मत संभारकोष	१५७७१५३.००	१५०००००.००	१३५६९१९.००	१७५०५८५.००
कर्मचारी कल्याण कोष	१२७७०२५.५८	१००००००.००	०	२२७७०२५.५८
विविध खर्च खाता	**२०४४६५.७१**	**१४०३६९२.४५**	**१२९७५५०.००**	**३१०६०८.१६**
धरौटी खाता	**११५६४७४८.१७**	**५१२९०७४.००**	**२५७३८२९.००**	**१४११९९९३.१७**

उल्लिखित कोष सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छनः

कर्मचारी कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी अवकास कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोष बाट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको कर्मचारी कल्याणकोषमा गत वर्ष सम्मको मौज्दात रु.१२७७०२५.५८ रहेकोमा यस वर्ष रु.१०००००० थप गरी रु.२२,७७,०२५.५८ मौज्दात रहेको छ।ऐनमा व्यवस्था भए बमोजिम कोषमा स्थानीय सेवाका कर्मचारीले गर्नु पर्ने योगदान र पालिकाले गर्नु पर्ने योगदान यकिन गरी रकम जम्मा गर्नु पर्दछ। साथै ऐनमा अवकास कोषको व्यवस्था भएकोमा पालिकाले कर्मचारी कल्याणकोषको नामबाट कोष स्थापना गरेकोले ऐन बमोजिम कोष स्थापना हुनुपर्दछ।

यन्त्र उपकरण सञ्चालन कोष - पालिकामा रहेको ब्याकु लोडर सञ्चालनको लागि विविध कोष अन्तर्गत ब्याकुलोडर सञ्चालन कोष खडा गरी उक्त उपकरण सञ्चालनमा भएका आम्दानी तथा खर्चको लेखा राखेको छ। उपकरण प्रयोग गर्दा इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छः

क्र.सं.	सामानको विवरण	इन्धन खर्च	पारिश्रमिक र भत्ता	मर्मत	वीमा,इन्धन लोडभाडा, विविध	जम्मा खर्च	आय	वचत
१.	जेसिबि	१६६२६०९	५६२२५०	४२७७२८	३६५४९१	२७६९२७८	३३,६४,०४०	३,४५९६२

(क) पालिकाको ब्याकहोलोडर सञ्चालन गरेवापत खर्च कटाई जम्मा रु.३,४५,९६२ बचत भएको छ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ

(ख) ब्याकुलोडर प्रयोग गरेवापतको भाडाको आय गणना सिट संलग्न नराखी रकम मात्र जम्मा गरेकोले प्राप्त आय सहि हो भन्न सक्ने अवस्था भएन।उपकरण भाडामा लौजानेको निवेदन, प्रयोग अवधि खुलेको लगसिट, फिर्ता गरेको प्रमाणित कागजात, गणना सिट, लगायतका कागजात संलग्न गरी आन्तरिक नियन्त्रण कायम गर्नु पर्दछ।

(ग) ब्याकु लोडर मर्मत गर्दा अपरेटरको निवेदन र सम्बन्धित शाखाको सिफारिस संलग्न भएको देखिएन। अपरेटरको निवेदन र सम्बन्धित शाखाको सिफारिस लिएरमात्र मर्मत गरी आन्तरिक नियन्त्रण कायम गर्नु पर्दछ।

मर्मत संभारकोष - यस पालिकाका ५ वडामा सडक मर्मतको लागि २६ जना लेन्थवर्कर लाई रु.९९१९८० पारिश्रमिक भुक्तानी गरेकोमा लेन्थवर्करले गरेको कामको मूल्याङ्कन गरेको देखिएन।

२३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष रु.७१ लाख १४ हजार आन्तरिक आय अनुमान गरेकोमा रु.५७ लाख ८० हजार प्राप्त भएको छ। आन्तरिक आय सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

क) पालिकाको गत ५वर्षको आन्तरिक आयको अनुमान र यथार्थ प्राप्त को विवरण देहाय बमोजिम छ।(रु.हजारमा)

आर्थिक वर्ष	अनुमान	यथार्थ प्राप्ती	प्राप्ती प्रतिशत	बृद्धि प्रतिशत
२०८१।८२	७११४	५७८०	८१.२४	१२.५६
२०८०।८१	६७७५	५१३५	७५.७९	१.४२
२०७९।८०	६२९५	५२०९	८२.७४	३.९७
२०७८।७९	४९३१	५०१०	१०१.६०	(२३.२१)
२०७७।७८	१०६५०	६५२५	६१.२६	

ख) उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ मा आन्तरिक आय अनुमानको १०१.६० प्रतिशत, आर्थिक वर्ष २०७९।८० मा ८२.७४ प्रतिशत, आर्थिक वर्ष २०८०।८१ मा ७५.७९ प्रतिशत र आर्थिक वर्ष २०८१।८२ मा ८१.२४ प्रतिशत आन्तरिक आय प्राप्त भएको छ। त्यस्तै आथिक वर्ष २०७७।७८ आन्तरिक आय रु.६५लाख २५ हजार रहेकोमा आर्थिक वर्ष २०८१।८२ रु.५७ लाख ८० हजार रहेकोले विगत ५ वर्षमा आन्तरिक आय ११.४१ प्रतिशतले घटेको छ।

ग) यस वर्ष अनुमानको तुलनामा ८१.२४ प्रतिशत आम्दानी भएको भए पनि देहाय बमोजिमका आय शिर्षकमा अनुमानको तुलनामा अधिक तथा न्यून वा आय शून्य देखिएकोले शिर्षकगत अनुमान यथार्थपरक देखिएन।शिर्षकगत रुपमा यथार्थपरक हुने गरी आय अनुमान गर्नु पर्दछ।

क्र.सं.	आय शिर्षक	अनुमान	प्राप्ती	प्रतिशत
१	सम्पत्तिकर	८८००००	६१२५९४	६९.६१
२	बहाल कर	५५२०००	३९०९८१	७०.८२
३	अन्य कर	०	१०९९७२०	
४	अन्य प्रशासनिक सेवा शुल्क	०	२६९७४०	
५	न्यायिक दण्ड,जरवाना र जफत	८२७००	०	०
६	अन्य राजस्व	१११९०००	२०८७६४	१८.६५

घ) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम आफ्नो क्षेत्रभित्रको सामुदायिक वनको वन पैदावार विक्री वापतको रकम कानून बमोजिम प्राप्त गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा औल्याएकोमा यस वर्ष समेत स्थिति यथावत रहेको देखियो।

ङ) यस पालिकाको धुँदीघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् संकलन र घाटगद्दी गर्न मिति २०८१।७।२५ मा न्यूनतम रु.५४१००० र मिति २०८१।९।२९ मा दोस्रो पटक न्यूनतम रु.५१४०००को सूचना प्रशासन गरेकोमा दुबै पटक कुनै प्रस्ताव नपरेको जनाई २०८१।१०।१४ मा मल्लरानी गाँउपालिका ५ निवासी मोहन बहादुर खड्कासंग २०८२ जेष्ठ सम्मको लागि संकलन भएको रकम मध्ये ६० प्रतिशत गाँउ पालिकामा बुझाउने र ४० प्रतिशत स्वयं राख्ने गरी संझौता गरी अमानतमा उठाउन संझौता गरेकोमा निजले रु.४५,५०० संकलन भएको भनी गाँउपालिकामा निवेदन दिएको र सो मध्ये रु.२७३००.०० गाँउपालिकामा दाखिला गरेको देखियो। गाँउ पालिकाले अमानतबाट राजस्व संकलन गर्दा पालिकाका कर्मचारीबाट गराउनु पर्नेमा बाह्य व्यक्तीसंग संझौता गरेको नियमसम्मत देखिएन। साथै संकलित रकमको ४० प्रतिशत राजस्व उठाउने जिम्मा लिने व्यक्तीलाई दिनु पर्नाको आधार स्पष्ट नभएकोले सोको आधार स्पष्ट हुनु पर्दछ।

२४ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ अनुसूची ११ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण,

उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार वडागत र पालिकास्तरका कुल २०१ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	२०१	१७	१६	१६८

उपर्युक्त विवरण अनुसार कुल योजना संख्या २०१ मध्ये ५ लाख भन्दा कम लागतका योजनाको संख्या १६८ रहेको छ भने ५ देखि २० लाख सम्मका योजनाको संख्या १६ र २० लाख भन्दा बढीका योजनाको संख्या १७ रहेको छ।साना र टुक्रे प्रकृतिका योजनाको संख्या अधिक हुँदा लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।पालिकाले योजनाको वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२५ मालसामान खरिद प्रकृया

सार्वजनिक खरिद नियमावली २०६४को नियम ५ मा सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्ने,खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद सम्झौताको जानकारी लिने,अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसामान, निर्माण कार्य वा परामर्श सेवा वा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने,खरिदको विवरण, परिमाण र क्षेत्र यकिन गर्ने, खरिदलाई बढी सुविधाजनक समूहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने,खरिद योजना तयार गर्न लगाउने,खरिदको लागत अनुमान तयार गर्ने,खरिदको आर्थिक स्रोत र रकमको पहिचान गर्ने,खरिद विधिको छनौट गर्नेउल्लेख छ। त्यस्तै नियम ८ मा वार्षिक १० लाख भन्दा बढीको खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ।नियम ३१ मा २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, वा मालसामान वा जुनसुकै सेवा खरिद गर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने र नियम ८४ मा २० लाख सम्मको खरिद सिलबन्दी दरभाउपत्रबाट गर्ने सकिने व्यवस्था छ।यस वर्ष पालिकाको प्रशासनिक चालु तर्फ मसलन्द तथा कार्यालय सामाग्री र पुँजिगत तर्फ मेसनरी औजार र फर्निचरमा विनयोजन बजेट तथा खर्चको स्थिति देहाय बमोजिम छ।

खर्च शिर्षिक	विनियोजन	खर्च
मसलन्द तथा कार्यालय सामाग्री	२५,००,०००	२४,१२,०९८.००
अन्य कार्यालय सञ्चालन सामाग्री	५,००,०००	४,९८,०००.००

माथि उल्लिखित विवरण बमोजिम मसलन्द तथा कार्यालय सामाग्री, मेसनरी औजा तथा फर्निचरमा विनियिजित बजेटको आधारमा लागत अनुमान तयार गरी बोलपत्र वा सिलबन्दी दरभाउपत्रको आधारमा प्रतिष्पर्धाबाट खरिद गर्न सकिनेमा कार्यालयले खरिद योजना वेगर पटक पटक गरी खरिद खरिद गरेको देखियो। यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ।

२६ प्रशासनिक खर्च

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाको प्रशासनिक खर्च सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

क) पालिकाको विगत ५ वर्षको प्रशासनिक खर्चको विवरण देहाय बमोजिम छ

(रकम रु हजारमा)

आर्थिक वर्ष	खर्च रकम	बृद्धि प्रतिशत
२०८१/८२	५३५०९	(११.६३)
२०८०/८१	६०५५७	२०.०६
२०७९/८०	५०४३५	६.८७
२०७८/७९	५७१८९	(३०.३७)
२०७७/७८	६७७७९	

उल्लेखित विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को तुलनामा २०७८।७९ मा प्रशासनिक खर्च ३०.३७ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०७९।८० मा ६.८७ र २०८०।८१ मा २०.०६ प्रतिशतले वृद्धि भएको छ भने आर्थिक वर्ष २०८१।८२ मा ११.६३ प्रतिशतले घटेको देखिन्छ।

ख) आर्थिक वर्ष २०८०।८१ र २०८१।८२ को शीर्षकगत खर्चको तुलनात्मक अवस्था देहाय बमोजिम छः

(रकम रु हजारमा)

सि.नं.	खर्च शिर्षक	२०८१/८२को खर्च	२०८०/८१को खर्च	बृद्धि प्रतिशत
१.	पानी तथा बिजुली	३९७	४०२	(१.१२)
२.	इन्धन कार्यालय प्रयोजन	१२००	१११७	७.४२
३.	सवारी साधन मर्मत	११३४	९९९	११.९४
४.	मसलन्द सामाग्री	२४१२	२४८७	(३.०९)
५.	पत्रपत्रिका,छपाई तथा सूचना	१५४३	१४९५	(३.०७)
६.	अनुगमन तथा मूल्याङ्कन खर्च	१५०९	१३८६	८.१८
७.	भ्रमण खर्च	९८५	९७१	१.४१
८.	विविध खर्च	१५९6	१५५२	२.४७
९.	विविध खर्च(वडा तर्फ)	७४9	४९१	३४.३६
१०.	अन्य संस्था सहायता	४२९	४४६	(३.९६)
११.	घरभाडा	७९२	८८८	(१२.०४)

उल्लिखित प्रशासनिक खर्च सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

रकम विनियोजनको आधारः पालिकाले कार्यालयको आवश्यकताको आधारमा मितव्ययी तरीकाले खर्च गर्नु पर्ने इन्धन, कार्यालय सञ्चालनको लागि आवश्यक मसलन्द, छपाई, विविध लगायतमा बजेट विनियोजन गर्दा सोको स्पष्ट आधार खुलाएको देखिएन। बजेट तर्जुमा गर्दा कार्यालयको कार्यप्रकृति अनुसार गरिने कृयाकलाप सो सो कृयाकलाप सञ्चालन गर्न आवश्यक हुने वस्तु सेवा तथा सामाग्री र सोको लागत यकिन गरी त्यस्ता बस्तु तथा सेवा प्राप्त गर्न आवश्यक रकम समावेश गरी बजेट तर्जुमा गर्नु पर्दछ।

खर्चमा बृद्धिः उल्लिखित विवरण अनुसार पानी तथा बिजुली, मसलन्द, पत्रपत्रिका तथा सूचना प्रशासन, अन्यसंस्था सहायता, र घरभाडामा गत वर्षको तुलनामा यस वर्ष खर्च घटेको भए पनि सवारी साधन मर्मत, अनुगमन मूल्याङ्कन, वडा तर्फको विविध खर्चमा गत वर्षको तुलनामा बृद्धि भएको। मितव्ययी तरिकाले खर्च गर्नु पर्ने विविध खर्च मध्ये वडा तर्फको बिबिध खर्चमा ३४ प्रतिशत बृद्धि हुनु पर्नाको कारण स्पष्ट देखिएन। प्रशासनिक खर्च घटाई मितव्ययिता कायम गर्नु पर्दछ।

विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) बमोजिम प्रमखु प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। विविध खर्चतर्फ पालिकाले रू.१५ लाख ९५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

आर्थिक सहायताः पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.४ लाख २९ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन।साथै वितरित आर्थिक सहायताको सार्वजनिकिकरण गरेको देखिएन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ र वितरित आर्थिक सहायताको सार्वजनिकिकरण गरी पारदर्शिता कायम गर्नु पर्दछ।

२७ **पर्यटकीय क्षेत्र निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) अनुसार सार्वजनिक निकायले खरिदका लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ। खलंङ्गा मल्लरानी डाडा पर्यटकिय क्षेत्र निर्माणका लागि २०७८।७९ मा रु.४ करोड ९९ लाख ८७ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.४ करोड १० लाख ३१ हजार कबोल गर्ने बगलामुखि मल्लरानी ईशान जे.भी.को बोलपत्र स्वीकृत गरी २०७८।२।१५ मा २०८०।११।३० भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएको र उक्त कार्य ४७.७९ प्रतिशत सम्पन्न भई रु.२ करोड ३ लाख ५८ हजार भुक्तानी भएको र गत वर्ष बजेट प्राप्त नभएको व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा यस वर्ष समेत बजेट प्राप्त नभएको कार्यालयले जनाएको छ । बजेट व्यवस्था गरी अधुरो योजना सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ।

२८ **पदाधिकारी सेवा सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ।यस पालिकामा अध्यक्ष १, उपध्यक्ष १, वडाध्यक्ष ५, कार्यपालिका सदस्य ६, सभा सदस्य १४ समेत २७ पदाधिकारी रहेकोमा यस वर्ष पदाधिकारी सुविधा वापत रु.५७,०२,००० भुक्तानी भएको छ। यस वर्ष रु.५७ लाख ८० हजार आन्तरिक आय प्राप्त भएकोले आन्तरिक आयको रकम पदाधिकारी सुविधाकोलागि मात्र सिमित हुने देखियो।

२९ **स्थानीय पूर्वाधार विकास कार्यक्रम**

बेलायतको एफ सि डि ओ को सहयोग र पालिकाको लागत साझेदारीमा सञ्चालित स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत ९ योजनाको लागि रु.२,०९,९७,०००.०० विनियोजन भएकोमा रु.१,८६,११,५६७.०० खर्च भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

क) पालिकाले छनौट गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भएका ९ योजनाको लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट ठेक्का व्यवस्था गर्दा रु.७९ लाख ३१ हजार बचत भएकोमा उक्त रकमबाट पुनः सोहि योजनामा थप कार्यको थप कार्यको लागत अनुमान तयार गरी खुला दरभाउपत्रको माध्यमबाट काम गराएको देखियो। बोलपत्रको माध्यमबाट ठेक्का व्यवस्था गर्दा लागत अनुमानको तुलनामा १३ प्रतिशत देखि ३५ प्रतिशत सम्म घटिमा बोलपत्र प्रस्ताव पेश भई कार्य भएकोमा खुला दरभाउपत्रबाट काम गराउदा लागत अनुमानको तुलनामा ०.१० प्रतिशत देखि १.९३ प्रतिशत सम्म मात्र घटिमा काम भएकोले प्रतिष्पर्धा भएको देखिएन। सोहि आयोजनामा थप काम गर्नु पर्ने भए साविकको संझौता रकममा भेरिएसन जारी गर्नु पर्नेमा छुट्टै लागत अनुमान तयार गरी कार्यगराएको नियम सम्मत देखिएन। स्थानीय पूर्वाधार सञ्चालन कार्यविधि,२०८१मा समेत प्रतिष्पर्धाबाट बचत भएको रकमको पुनः लागत अनुमान तयार गरी थप काम गराउने व्यवस्था भएको देखिएन। साथै बजेट उपलब्ध गराउने निकायबाट थप कामको लागि स्वीकृती समेत लिएको देखिएन कार्यविधिमा उल्लेख भए बमोजिम योजना कार्यान्वियन गर्नु पर्दछ।

३० **खर्चको प्रकृति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मास्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ ।पालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित

विषयहरुमा केन्द्रित भईयोजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो।यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन।कार्यविधिवेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस प्रकारका वितरणमुखी तथा अनुत्पादक खर्च नियन्त्रण गर्नुपदर्छ। नमूना परीक्षण गरी हेर्दा देखिएका केही उदाहरणहरु देहाय बमोजिम छन् ।

गो भौ नं मिति	विवरण	भुक्तानी रकम
५६।२०८१।०७।१२	कृष्णजात्रा सन्चालन गर्नको लागि राधाकृष्ण सामुदायिक संस्था	८००००।००
६२।२०८१।०७।०९	भैरव नाच सन्चालन लागि लोक दोहोरी प्रतिष्ठान	५००००।००
२५४।२०८१।११।२०	राष्ट्रिय अपाँङ्ग सेवा संघ	१००००।००
३०३।२०८१।१०।२३	नेपाल युवा रेडक्रस सर्कल स्वर्गद्धारी	१००००।००
२२३।२०८१।११।०६	सरायमेला व्यवस्थापन समिति	३५२२५।००
५८४।२०८२।०३।२२	खलंगा जात्रा समिति	३००००।००

३१ **व्याग खरीदः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। साथै नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ५६(१०) मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ। नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले कार्यालय संचालन सामग्रीबाट अफिस व्याग, ल्यापटप व्याग, लेदर व्याग लगायतका विभिन्न किसिमका व्यागहरु खरिद गरी गो भौ नं ५८६।मिति २०८२।०३।२० बाट एलिस प्रेस एण्ड सप्लायर्स प्रा लि लाई रु ३२०४२२।०० भुक्तानी गरेको देखियो।यस्ता किसिमका खर्चहरुमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ।

३२ **छपाइ कार्यः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा मितव्ययिता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। साथै नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ को बुदा नं ५६(१)मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष विभिन्न पुस्तक तथा क्यालेण्डर छपाई गरेवापतको रकम रु ५९६०००।०० एनिटाईम प्रिन्टिङ एण्ड सप्लायर्स प्रा. लि. लाई भुक्तानी गरको देखियो। खरिद गर्नुभन्दा पहिला आवश्यकताको पहिचान गरी मितव्यिेतापूर्वक छपाइ तथा खरिद गर्नुपर्नेमा धेरै संख्यामा छपाई तथा खरिद गरी देहाएबमोजिम भुक्तानी गरेको देखियो।यस सम्बन्धमा क्यालेन्डर विद्यालयमा पठाउनको लागि बढी संख्यामा छपाई गरेको कार्यालयको भनाई रहेको छ।आवश्यक माग एकीन गरी छपाई गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

गो भौ नं र मिति	विवरण	भुक्तानी पाउने फर्म	भुक्तानी रकम
१७४।२०८१।०९।२६	वार्षिक निती तथा कार्यक्रम ३८५ को दरले ५०० प्रति छपाइ	एनिटाइम प्रिन्टिङ प्रेस	२१७०००
१७४।२०८१।०९।२६	योजना पुस्तक डिजाईन तथा छपाइ३०० को दरले ५०० थान	एनिटाइम प्रिन्टिङ प्रेस	१६९५००
४१८।२०८२।०१।२६	वार्षिक क्यालेन्डर रु ६२ को दरले ३००० थान	एनिटाइम प्रिन्टिङ प्रेस	२१०१८०
जम्मा			५९६०००

३३ **औषधि खरिद**

गाउँलिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने, गत वर्षको मौज्दात र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधिमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला पर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। चालु आर्थिक वर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधी खरिद बापत २ वटा आपूर्तकलाई रु.११ लाख ६१ हजार तथा पालिका चालु खाताबाट एक आपूर्तकलाई रु. १७ लाख ४९ हजार गरी जम्मा रु २८ लाख ८१ हजार भुक्तानी दिएको छ। औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

३४ तलबी प्रतिवेदन

लुम्बिनी प्रदेशसरकारबाट जारी भएको स्थानीय निजामती सेवा ऐन,२०८१ को दफा ७०(४)मा स्थानीय सेवाका कर्मचारीको प्रदेश किताबखाना वा प्रदेश लेखानियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाइबाट तलबी प्रतिवेदन पारीत नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने व्यहोरा उल्लेख छ। पालिकाले चालु आर्थिक वर्षमा तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य सेवातर्फ २५ जना कर्मचारीको रु.२ करोड १५ लाख ९९ हजार, पालिकातर्फ २७ कर्मचारीको रु.१ करोड ७७ लाख ६६ हजार गरी जम्मा रु.३ करोड ९३ लाख ६५ हजार भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा तलब भत्ता भुक्तानी तुलना गर्न नसकिने हुँदा तलबी प्रतिवेदन पारित गराएरमात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३५ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ नियम ७७(१) अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात १ः४५ हुनुपर्ने व्यवस्था छ। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS) को तथ्याङ्क अनुसार पालिकाको २३ विद्यालयमा कुल ३७११ विद्यार्थी अध्ययनरत रहेको र शिक्षक संख्या १३६ रहेको छ। नमुना छनौटको आधारमा ४ विद्यालयको शिक्षक विद्यार्थी अनुपात विश्लेषण गर्दा १ विद्यालयमा नियमावलीले तोकेको भन्दा बढी विद्यार्थी संख्या र ३ विद्यालयमा कम विद्यार्थी संख्या रहेको पाईयो। पालिकाले शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ।

विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
भानुभक्त माध्यामिक विद्यालय	२४	६१०	१:२५
महेन्द्र माध्यामिक विद्यालय	१८	५०६	१:२८
जनजागृति प्राथमिक विद्यालय	१	६४	१:६४
जनकल्याण प्राथमिक विद्यालय	२	३५	१:१७

३६ सेनिटरी प्याड

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२को क्रियाकलाप नं २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनीटरी प्याड खरिद गर्दा विगतको मौज्दात अवस्था एकीन गरी आवश्यकता अनुसार मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु आर्थिक वर्षमा १०८५० प्याकेट सेनीटरी प्याड खरिद वापत भुसाल ट्रेड एण्ड सप्लायर्सलाई रु ४ लाख २९ हजार १ सय भुक्तानी गरेको छ। खरिद गर्दा विगतको मौज्दात यकीन नगरेको र गुणस्तर जाँच नभएको पाईयो। खरिद गरिएको सेनिटरी प्याड विद्यालयहरुलाई वितरण गरिएको छ। सेनिटरी खरिद तथा वितरण गर्दा विद्यालयमा रहेको विगतको मौज्दात र विद्यालयले वितरण गरेको अवस्था एकीन गरी खरिद गर्नुपर्ने र तोकिएबमोजिमको गुणस्तरीय सामान प्राप्त भए नभएको समेत यकीन गर्नुपर्दछ।

३७ शिक्षकको तलब भत्ताः

अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ को दफा ९ मा नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारले कुनै योजना कार्यान्वियन गर्न प्रदेश वा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ र सोही व्यवस्था अनुसार पालिकामा रहेका विद्यालयको स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापतको रकम सशर्त अनुदानको रुपमा निकासा प्रदान गर्ने गरेको छ।

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ बमोजिम स्थानीय तहले कार्यरत शिक्षकको तलव भत्ता निर्धारण गर्दानेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०५/०४ को निर्णयको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट पुनर्वितरित शिक्षक दरबन्दी विवरणअनुसार खुद पुलमा रहेका दरबन्दी मिलान गर्न बाँकी रहेका शिक्षकको तलब भत्ता स्थानीय तहमा विनियोजन नगरिएकाले शिक्षक दरबन्दी मिलान गर्न बाँकी रहेका स्थानीय तहले आव २०८१।८२ को प्रथम त्रैमासिकभित्र मिलान कार्यसम्पन्न गरी सोको प्रतिवेदन केन्द्रमा पठाएपछि मात्र सो रकम निकास गर्नुपर्ने व्यवस्था छ। अनुदानमा नपुग भएमा आधार र औचित्यसमेत उल्लेख गरी अनुसूची-१ अनुसारको फाराम भरी प्रमाणित गराई २०८१ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाइले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गरी यकिन गर्ने र यकिन भएको विवरणअनुसार तलब भत्ता अपुग हुने देखिएमा सिफारिस साथ २०८१ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव सोत विकास केन्द्रको योजना तथा अनुगमन शाखा मा पठाउनुपर्ने व्यवस्था छ। स्थानीय तहले नपुग हुने तलवभत्ता माग गर्दा दरबन्दी मिलान गरी स्थानीय तहका लागि कायम भएको दरबन्दी सङ्ख्या तथा तथा इकाइबाट दरबन्दी मिलानका क्रममा थप भएको शिक्षक दरबन्दी सङ्ख्या भए सो समेत एकीकृत गरी सोको प्रमाणित प्रति समेत अनिवार्य राखी पठाउनुपर्ने व्यवस्था छ। पालिका अन्तर्रगत २३ विद्यालयमा कुल३७११ विद्यार्थी रहेकामा पालिकाले शसर्त अनुदान तर्फ बजेट व्यवस्था भईसंघीय सरकारबाट अनुदान उपलव्ध गराएकोमा पालिकाले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातमा बढी विद्यार्थी भएका विद्यालयमा दरबन्दी यकिन नगरी यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई ३४ शिक्षकका लागि रु.९० लाख ७० हजार (थप अनुदान) उपलब्ध गराएको देखियो। विद्यालयमा शिक्षकको तलब भत्ता लगायतका सुविधा संघीय सरकारबाट सशर्त अनुदानको रुपमा उपलब्ध गराएकोमा पुनः पालिकाबाट समेत थप शिक्षक राखी पारिश्रमिक उपलब्ध गराएको हुँदा विधार्थी शिक्षक अनुपात मिलाएर शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

३८ **उपभोक्ता समितितर्फका योजनाहरु**

३८.१ **ग्याबियनको कार्य**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **९,१८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **२५,५२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८.२ **उपभोक्ता समितिलाई ओभरहेड भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०,०९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८.३ **नर्म्स भन्दा बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **६२,५४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८.४ **नापी जडान**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **८९,८९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१०२,९०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३८.५ **गुरुदेवी चुजाठार्टीँ कृषी सडक स्तरउन्नती मल्लरानी ३**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **९,८९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८.६ **उपभोक्ता समितिबाट भएको काम**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन समितिले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने, नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ। पालिकाले उपभोक्ता समितिबाट गराएका कार्यहरुमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् :

• प्राविधिकले योजनाको Labor and Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको देखिन्छ,

• समितिले उपभोक्ता समितिमार्फत कार्य गराउदा निर्माण सामग्रीहरुमा जिल्ला दररेटमा मूल्य अभिवृद्धि कर थप गरी लागत अनुमान तयार गर्ने गरेकोमा उपभोक्ता समितिले घटी विजक तथा मू.अ. कर पेश गर्ने गरेको देखिएकोले निर्धारित दरविश्लेषण तथा नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन,

• नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरुलाई योजना हस्तान्तरण भएको देखिएन,

समिति परिचालन सम्बन्धी देखिएका उपरोक्तानुसारका कमजोरीहरु समयमै सुधार गरी उपभोक्ता समिति परिचालन कार्यलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

३८.७ **फरक दर प्रयोग**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **६,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **२३,४०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८.८ रनिङ विल घटी अल्या

२२।२०८२।३।२३ (संघीयतर्फ पुँजीगत) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च गर्दा भुक्तानी आवश्यक विल भरपाई जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले कालाखोला झो.पु. निर्माण कार्यको लागि उपभोक्ता समितिलाई भुक्तानी दिदाँ अघिल्लो रनिङ बिलसम्म रु.८०२७६३ बराबरको कार्यप्रगति भएकोमा अन्तिम रनिङ बिलमा रु.७६६४३८ अ.ल्या. भएको देखिएकोले रनिङ बिल घटी अल्या भएको रु.३६३२५ असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३६,३२५

३८.९ नर्म्सभन्दा बढी भुक्तानी

सार्वजिनक खरिद नियमावली, २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक विभागबाट स्वीकृत नर्म्सको 900 ii(A) अनुसार मानिसद्वारा Ordinary Rock खन्ने कामको दर विश्लेषण अनुसार प्रतिघन मिटर रु.७९९ ले भुक्तानी हुनुपर्नेमा पालिकाले डाँडा गाँउदेखि जमदार्नी चौतारासम्म मोटरबाटो मल्लरानी-४ का लागि उपभोक्ता समितिलाई प्रतिघनमिटर रु.१७७१.६० का दरले भुक्तानी दिएको देखियो। त्यसैले Ordinary Rock खन्ने काम ९९.४८ घनमिटरको बढी भुक्तानी रु.९९०२५ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	९९,०२५

३९ न्यायिक समिति सफ्टवेयर

३९.१ सूचना प्रविधि विभागको स्वीकृति

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, 2071 को बुँदा नं. 4.1 मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। सरकारी वेबसाईट तथा सफ्टवेयर GIDC को Government cloud मा होस्ट गर्नुपर्ने तथा NITC बाट Domain स्वीकृति लिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रु.३,९८,८९० मा परामर्शदाता कम्पनी सफ्टटेक इन्फोसिस प्रा.लि. सँग न्यायिक समिति सफ्टवेयर खरिद गरेकोमा उक्त खरिद सम्झौताका लागि सूचना प्रविधि विभागबाट स्वीकृति लिएको, Government Cloud मा होस्ट गरी NITC बाट Domain लिएको र Source Code प्राप्त गरेको देखिएन।उल्लिखित व्यवस्थाबेगर खरिद गरेको नियमित नदेखिएको रु.

अनियमित भएको	३,९८,८९०

३९.२ सफ्टवेयर खरिद

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ४६ देखि दफा ५३ मा स्थानीय तहलको न्यायिक कार्यप्रणाली सम्बन्धी व्यवस्था छ। पालिकाले खरिद गरेको सफ्टवेयर नन् इन्टर एक्टिभ इन्टरफेस भएकोले उजुरीकर्ताहरुले विद्युतीय माध्यमबाटै विवाद सम्बन्धी निवेदन दर्ता गराउने, पुनरावेदन गर्ने, प्रक्रिया र निर्णयसम्बन्धमा जानकारी पाउने लगायतको व्यवस्था भएको देखिएन। पालिकाले अभिलेख प्रयोजनका लागि मात्र रु.३९८८९० खर्च गरी सफ्टवेयर खरिद गरेको तथा वार्षिक २०% सेवा शुल्क लिने गरी सम्झौता गरेको देखिन्छ। पालिकाको अभिलेख अनुसार गत वर्ष १६ वटा उजुरी दर्ता भएको देखिन्छ भने यस वर्ष ९ वटा मात्र उजुरी दर्ता भएको

देखिन्छ। पालिकाको विवाद दर्ताको प्रवृत्ति हेर्दा अभिलेख राख्नकै लागि थप खर्च गरी सफ्टवेयर खरिद गर्नु औचित्यपूर्ण देखिएन। खरिदको आवश्यकता पहिचान नगर्दा यस्ता खर्चले व्ययभार मात्र बढाउने देखिएकोले यसतर्फ पालिकाको ध्यानजानु आवश्यक देखिन्छ।

४० **फर्निचर तथा मेसिनरी सामान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ मा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाहरुले यो वर्ष समान प्रकृतिका कार्यहरु प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद गरेको देखिन्छ। सोझै खरिद गर्दा फर्निचर सामग्रीहरुको स्पेशिफिकेशन तयार गरी सो अनुसारको बजार दररेट माग गरी लागत अनुमान तयार गरेको देखिएन। यसका केही उदाहरणहरु यसप्रकार छन् ।

कार्य/ योजना	विनियोजन	गो. भौ .	फर्मको नाम	सामग्री	खरिद रकम
फर्निचर खरिद	१५०००००	५०।२०८१।११।२१	मुस्कान फर्निचर उद्योग	फर्निचर तथा फिक्सचर्स	८२६२५६
		२२।२०८१।९।२६	राज डेकोर होम	फर्निचर तथा फिक्सचर्स	२१३२३१
		२४।२०८१।९।२६	राज अर्डर एण्ड सप्लायर	फर्निचर तथा फिक्सचर्स	४२३८६३
			जम्मा खर्च रकम		१४६३३५०
मेसिनरी उपकरण	२००००००	२३।२०८१।९।२६	ल्यापटप/ मोबाइल	किनमेल बजार डटकम	५०२८७८
		२५।२०८१।९।२६	डेक्सटप	एन वि एम सोलुसन प्रा. लि .	४९९४६०
		९६।२०८१।२।२३	डेक्सटप प्रिन्टर	आयात ट्रेडर्स	५६७०७८
			जम्मा खर्च रकम		१५६९४१६

पालिकाले वार्षिक खरिद योजना तयार गरी रु.१० लाख माथि बजेट विनियोजन गरेको सामग्री खरिदका शीर्षकहरुमा अधिकतम प्रतिस्पर्धा गराउनेतर्फ ध्यानदिनुपर्ने देखिन्छ।

४१ **एकमुष्ट नापी किताब**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष निम्नलिखित योजनाहरुका लागि आवश्यक सामग्री खरिद गरेकोमा खरिद भएका सामग्रीहरु प्रयोग भएको नापी किताबमा देखिएन। योजनाको लागि पर्याप्त बजेट विनियोजन नभइ सालवसाली रुपमा विनियोजित बजेटबाट क्रमागत रुपमा योजना कार्यान्वियन हुने, स्रोत सुनिश्चित नहुने, योजनाहरुको समय सीमा निश्चित नहुने, खरिद गुरुयोजना नबन्ने भएकोले विनियोजित बजेटले खाम्ने जतिमात्र कामको लागत अनुमान तयार गरी कार्यान्वियन गर्ने गरेको देखिन्छ। योजना कहिलेबाट पूर्ण रुपमा सञ्चालनमा आउने हो भन्ने कुराको निश्चित नहुने देखिन्छ। खरिद गुरुयोजना बनाई योजनाको समय सीमा निश्चित गरी सोही अनुसार स्रोत सुनिश्चित गरी कार्यान्वियन हुनुपर्दछ। योजनाका लागि खरिद भएका देहायको सामग्रीहरुको नापी तथा जडान गरेको प्रमाण पेश हुनुपर्ने रु.

गोभौनं./मिति	योजना	व्यहोरा	रकम
१३।२०८२।३।२४	सराङ्कोट दरभानै खानेपानी योजना मल्लरानी ५, प्यूठान	Transformer With Accessories	९९९८५३
		जम्मा	९९९८५३

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **१,१९६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	९,९९,८५३

४२ **जनजागृति प्रा.वि. विद्यालय भवन**

जनजागृति प्रा.वि. विद्यालय भवन (MRM/NCB/081/082/09) का लागि समृद्धि निर्माण सेवा एण्ड सप्लायर्ससँग मिति २०८२।३।१० सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०८२।१।२२ मा रु.४४,५४,८६२ (मू.अ. करसहित) को सम्झौता भएकोमा अन्तिम रनिङ बिलसम्म रु.४४,४४,१९२ भुक्तानी भएको देखिन्छ। यस सम्बन्धी थप बेहोरा निम्न छन्:

४२.१ **Sill Lintel नघटाएको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **३२,२७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२.२ **लमसम नापी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले Bar bending Schedule तयार नगरी छड(TMT bar) को परिमाण आरसीसी कंक्रिट (M20) को २.५% अनुमान गरी १२.०८ मेट्रिक टन लमसममा लिएर रु.१७,०६,८३६(मूल्यअभिवृद्धि करसहित) भुक्तानी गरेको नियमित नदेखिएको रु.

अनियमित भएको	१७,०६,८३६

४२.३ **एजबिल्ट पेश नगरेको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४३ **ठेक्का अभिलेख व्यवस्थापन**

कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन ।

खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९ (२) मा उल्लिखित कागजातहरू संलग्न राख्नु पर्ने तथा नियम १४९ (३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ। पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरूमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम अभिलेख तयार गर्नु पर्दछ ।

ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०६ तथा ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

त्रृटि सच्याउने दायित्व

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा त्रृटि सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कार्य सम्पन्न भएका ठेक्काहरुको त्रृटि सच्याउने दायित्व अभिलेख राख्ने गरेको पाइएन।

गुणस्तर व्यवस्थापन

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वतता योजना पेश गरेको छैन ।

कार्यस्वीकार प्रतिवेदन

अधिकांश योजनाहरुको कार्यस्वीकार प्रतिवेदनमा काम सम्पन्न मिति, नापी मिति उल्लेख नगर्ने गरेको देखिएन।

उल्लिखित ठेक्का अभिलेख व्यवस्थापन सम्बन्धमा देखिएका कमजोरीहरुलाई सुधार गरी ठेक्का अभिलेखलाई व्यवस्थित बनाउनुपर्दछ।

४४ **बजेट कार्यन्वयन मार्गदर्शनको पालना**

लुम्बिनी प्रदेश सरकारले आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सम्बन्धमा सवै मन्त्रालय/आयोग/ सचिवालय/कार्यालय र मातहतका निकायहरुलाई च.नं. ८९ मिति २०८१।५।१४ को परिपत्र अनुसार प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण (सशर्त, समपुरक र विशेष अनुदान) प्राप्त भएका कार्यक्रमहरु प्रदेश सरकारको श्रोतमा देखा परेको चाँपको कारणले गर्दा आ.व. २०८१/८२ मा रु. ५ लाख वा सो भन्दा बढीको स्वीकृत सवै कार्यक्रमहरु प्याकेजिङ गरि अनिवार्य रुपमा सार्वजनिक प्रतिस्पर्धा गराएर मात्र कार्यक्रम कार्यान्वियन गर्न गराउन निर्देशन दिइएको देखिन्छ। चालु आ.व ०८१/०८२ मा मल्लरानी गाउँपालिका प्रदेशतर्फका योजनाहरु प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको तथा उपभोक्ता समितिबाट गराएको नियमसंगत नदेखिएको रु.

गो. भौ .	योजना	निर्माण व्यवसायी/ उ . स .	लागत अनुमान	कबोल/ खर्च
१३	सराङ्गकोट दरभानै खानेपानी योजना मल्लरानी ५, प्यूठान	रोनिश अर्डर एण्ड सप्लायर्सबाट Transformer With Accessories (जडान बाँकी रहेको)	९९९८५३	९९९८५३
४	गुरुदेवी चुजाठाटीँ कृषी सडक स्तरउन्नती मल्लरानी ३	गुरुदेवी चुजाठाटीँ कृषी सडक स्तरउन्नती उ. स .	१०९२०६४	९७४१९०
३	जनकल्याण आ.वि. देखी साहुटोला खसिनिखर्क मोटरबाटो स्तरउन्नती मल्लरानी ३	जनकल्याण आ.वि. देखी साहुटोला खसिनिखर्क मोटरबाटो स्तरउन्नती उ. स .	१०९३९४६	९७९८८५
६	डाडाँगाउँ देखी जमदार्नी चौतारा सम्म मोटरबाटो निर्माण मल्लरानी ४	डाडाँगाउँ देखी जमदार्नी चौतारा सम्म मोटरबाटो निर्माण उ. स .	१०८९१८५	९५१६५३
२	प्रतापकोट पर्यटन पूर्वाधार निर्माण मल्लरानी २	प्रतापकोट पर्यटन पूर्वाधार निर्माण उ. स .	१०९३०५४	९६०९११
		जम्मा	५३६८१०२	४८६६४९२

अनियमित भएको	४८,६६,४९२

४५ परामर्श सेवा खरिद

४५.१ आवधिक योजना

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ। योजना तयारीका लागि आवश्यक पर्ने विज्ञहरु र तिनको भुमिका सम्बन्धमा कार्यक्षेत्रगत शर्तहरु उल्लेख हुनुपर्ने देखिन्छ। पालिकाले २ महिना भित्र आवधिक योजना तयारीका लागि मिति २०८२।१।११ मा जियो वर्ल्ड प्रा.लि. सँग रु.१०६७८५० को सम्झौता गरेकोमा प्रस्तावमा GIS Expert लाई २ महिनाका लागि रु. १४६०००(मू.अ.कर बाहेक) भुक्तानी हुने उल्लेख देखिन्छ। आवधिक योजना तयारीको कार्यक्षेत्रगत शर्त तथा Deliverables अन्तर्गत GIS Expert को भूमिका सम्बन्धमा कुनै पनि व्यहोरा उल्लेख भएको देखिएन। आवधिक योजनाको ड्राफ्ट प्रतिमा समेत GIS Expert बाट प्राप्त Output Deliverables सम्बन्धी कुनै पनि तथ्यांक, सूचना, विषयवस्तु समावेश भएको देखिएन। कार्यक्षेत्र, कार्यविवरण, Output Deliverables बेगर रु.१६४९८०(मू.अ.करसहित) भुक्तानी देखिएको उचित देखिएन।

४५.२ ओभरहेड भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(४) मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा लिनुपर्ने आधार तथा अनुसूचि १(क) मा परामर्श सेवा खरिद सम्बन्धी लागत अनुमानको ढाँचा सम्बन्धी व्यवस्था रहेको छ। उक्त व्यवस्थामा परामर्शदाता व्यक्ति वा संस्थालाई ओभरहेड भुक्तानी दिने व्यवस्था देखिएन। पालिकाले यातायात गुरुयोजना तयारीका लागि ह्युमन डेभलपमेन्ट कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टरलाई पारिश्रमिक रु.६,६७,४१२ को १०% ओभरहेड रु. ६६७४१ भुक्तानी दिएको देखिन्छ। नियमविपरीत भुक्तानी गरेको ओभरहेड रु. ७५४१७(मू.अ.करसहित) असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	७५,४१७

४५.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हालसम्म नर्म्स स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको दैनिक भ्रमण भत्तामा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । यस वर्ष पालिकाले देहाय अनुसारका कार्यहरुका लागि बिनियोजित बजेट बराबरकै लागत अनुमान तयार गरी लागत अनुमानकै हाराहारीमा परामर्शदातासँग सम्झौता भएको देखिन्छ ।

गो. भौ . नं .	कार्यक्रम	परामर्शदाता	लागत अनुमान	कबोल रकम
१७३।२०८२।३।२३	आवधिक योजना तयारी	जियो वर्ल्ड प्रा. लि .	-	१०६७८५०
३५।२०८१।११।११	यातायात गुरुयोजना	ह्युमन डेभलपमेन्ट कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर	९९९०९३	९९५९२८
	जम्मा			२०६३७७८

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नअनुसार छन्:

योजना तर्जुमा दिग्दर्शन

राष्ट्रिय योजना आयोगद्वारा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ समेत जारी गरेको अवस्था छ । सो दिग्दर्शनमा आवधिक योजना तर्जुमाका प्रक्रिया, जिम्मेवारी निर्धारण, संस्थागत संयन्त्र, विषय क्षेत्रगत समिति तथा उपसमितिको भूमिका, क्षेत्रगत रणनीति तथा कार्यक्रमहरु, एकीकृत दस्तावेज तयारी, स्वीकृति र प्रकाशन लगायतका विषय उल्लेख छन् । पालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विषय क्षेत्रगत प्रमुखहरुको सहभागिता एवं सक्रियतामा गठित समितिहरु तथा उपसमितिहरुबाट तयार गरिएका विषय क्षेत्रगत दस्तावेजहरु उपर विभिन्न चरणमा तथ्यांक संकलन, दफावार छलफल गरी योजनाको खाका तयारी गर्नुपर्ने तथा विद्यायीकी प्रक्रिया पूरा गरी सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गराउनुपर्नेमा पालिकाले उल्लिखित प्रकृया पुरा नगरी परामर्शदाताबाट तयार गराएको र एकै पटक फाइनल प्रतिवेदनको प्राप्त गरेको देखियो।

नर्म्स तथा कार्यक्षेत्रगत शर्त

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ।

• यस्ता योजना तर्जुमा सम्बन्धमा कुनै पनि नर्म्स तयार गरेको देखिएन।

• पालिकाले कार्यक्षेत्रगत शर्त तयार गरी सो अनुसार कार्य क्षेत्र एवं कार्यविवरण स्पष्ट गरेको देखिएन।

• विभिन्न मितिमा क्रमश: इन्सेप्सन रिपोर्ट, ड्रफ्ट रिपोर्ट र फाइनल रिपोर्ट बुझाउनुपर्ने, त्यस माथि सिलसिलेवर छलफल गरी तथा सम्बन्धित विज्ञसँग परामर्श गरी कार्यपालिकाबाट समेत योजनाको अन्तिम प्रतिवेदन स्वीकृत हुनुपर्नेमा एकै पटक फाइनल प्रतिवेदन पेश भई भुक्तानी भएको देखिन्छ।

• क्षेत्रगतरुपमा के कस्ता विज्ञहरु चाहिने र उनीहरुको योग्यता, पारिश्रमिक, अनुबन्ध तथा करार पेश गर्ने सम्बन्धमा कुनै व्यवस्था नगरी पारिश्रमिक तोकिएको देखियो।

• डाटा संकलन, प्रतिवेदन लेखन, खानाबास खर्च, यातायात, पारिश्रमिक लगायतमा नेपाल सरकारको मासिक तलबस्केल, प्रतिदिन दैनिक भ्रमणभत्ता, प्रतिवेदन लेखनबापतको सुविधा भन्दा अत्यधिक बढी देखिएकोले पालिकाले आफ्नै दररेट निर्धारण गरी यस्ता खर्चमा आवश्यक नियमन गर्नुपर्ने देखिन्छ।

वास्तविक आवश्यकता, उपयोगिताका आधारमा मात्र यस्ता योजना तर्जुमा गर्ने तथा योजना तर्जुमा गर्दा आन्तरिक जनशक्ति परिचालन गरी अनावश्यक खर्च कटौती गर्नेतर्फ ध्यानदिनुपर्दछ।

४५.४ **यातायात गुरुयोजना तयारी**

(..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१८** को निर्णयले रू **२००,७९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४६ **शिर्षगैरा मुन्डाँडा चुँजाठाटी मोटरबाटो स्तरोन्नती (MRM/NCB/05/2081/82)**

शिर्षगैरा मुन्डाँडा चुँजाठाटी मोटरबाटो स्तरोन्नतीका लागि शिशिर सुनछहारी गेमी जेभी सँग मिति २०८२।२।३२ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०८१।९।२८ मा रु.१,७३,११,०५३ (मू.अ. करसहित) को सम्झौता भएकोमा हालसम्म दोस्रो रनिङ बिल जारी भई

कुल रु.१,४०,२६,५०२ (मू.अ. करसहित) भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा थप बेहोरा निम्नअनुसार छन्:

४६.१ **बीमा रकम भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, मेसिन, प्लान्ट लगायत सम्पूर्ण कार्यको प्रतिस्थापन खर्च समेतको अनिवार्य विमा गराउनुपर्ने व्यवस्था रहेको छ। शिर्षेगैरा मुन्डाँडा चुँजाठाटी मोटरबाटो स्तरोन्नती (MRM/NCB/05/2081/82) योजनामा कार्यालयले कायदिश दिइसकेको अवस्थामासमेत निर्माण व्यवसायीले समयमा बिमा नगरी म्याद थप अविधमा बीमा गरेको देखियो। ढिल बिमा गरी बिमा दाबी गरेको रकम असुल गर्नपर्ने रु.

सम्झौता/ कार्यादेश मिति	कार्यसम्पन्न गर्नुपर्ने अवधि	बिमा गर्नुपर्ने अवधि	बिमा प्रारम्भ मिति	घटि बिमा अवधि	भुक्तानी	घटी अवधि बिमाबापत
२०८१।९।२८	२०८२।२।३२	१५२ दिन	२०८२।३।२२	१७५ दिन	११०६७१	११०६७१

असुल गर्नुपर्ने	१,१०,६७१

४६.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) अनुसार खरिद कार्य सम्झौता अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनुभन्दा २१ दिन अगावै संशोधित कार्यतालिका, म्याद थप गर्नुपर्ने कारण र अन्य आवश्यक कागजातसहिन निवेदन दिनुपर्ने व्यवस्था छ। अन्यथा सोही नियमावलीको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिएर कामसम्पन्न गराउने व्यवस्था छ। निर्माण व्यवसायीले सम्झौता रकमको तुलनामा कार्यसम्पन्न गर्नुपर्ने अवधिसम्ममा ८१ % मात्र वित्तीय प्रगति गरेको र म्याद थपको निवेदन पेश भएको अवस्थामा समेत म्याद थपको निर्णय भएको देखिएन। कामसम्पन्न नभई ढिला हुनुको कारण विश्लेषण गरी ठेकेदारको कारण ढिला भएको देखिएमा पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ नियमावलीमा व्यवस्था भए बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

४६.३ **बाटो फराकिलो गर्ने कार्य**

सार्वजिनक खरिद नियमावली २०६४ को नियमावली नियम १२३ मा बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। भिरालो जमिनमा Back cutting कार्यका लागि बास्तविक Cross section ड्रइङ (Autocad प्रयोग गरी) मापन गर्नुपर्ने वा पालिकाले औषतमा Boxcutting को ६०% लिएर परिमाण मापन गरेको देखियो। त्यस्तै गरी पालिकाले Back Cutting कार्यको Width निकाल्न बाटोको New Width बाट पुरानो बाटोको Existing Width घटाउनुपर्नेमा चेनेज ० देखि १+१२०, ४+००० देखि ४+७८०, ६+४८० देखि ७+१०० सम्म को चेनेजमा नयाँ र पुरानो बाटोको चौडाइको फरकभन्दा १ मिटर बढी लिएर भुक्तानी गरेको देखियो। यसरी भुक्तानी गर्दा ७१०० मिटरसम्मको चेनेजमा २००७० घ.मी. मात्र कटिङ हुने देखिएकोले बढी भुक्तानी सम्बन्धमा यकिन गरी असुल गर्नुपर्ने देखिएको रु.

	कुल	All type of Soil	Ordinary Rock	Hard Rock
कटिङ भएको परिमाण (घ.मि.)	२००७१	१८८०६	१०५६	२०९
भुक्तानी भएको कटिङ परिमाण (घ.मि.)	२६७२५	२५११५	१४०१	२०९
फरक	६६५५	६३०९	३४५	
दर (मू . अ . करसहित)		८३.६२	१५७.०७	
बढी भुक्तानी		५२७५५८	५४१८९	
कुल जम्मा	५८१७४७			

असुल गर्नुपर्ने	५,८१,७४७

४७ **सोझै खरिदबाट थप काम**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ वमोजिम खरिद सम्झौता कार्यान्वयन गर्दा सार्वजनिक निकायले खरिद सम्बन्धि कार्ययोजना र कार्यतालिका तयार गर्ने,सम्झौता कार्ययोजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने लगायतको व्यवस्था छ। निर्माण व्यवासायीले सम्झौता अनुसार पालिकाले यस वर्ष निम्नअनुसार समपूरक अनुदानको योजनाहरु बोलपत्रबाट प्रतिस्पर्धा गराइ खरिद गरेकोमा घटेको बचत रकमबाट सोही योजनाहरुको ७० मि. चेनेज खण्डमा प्रतिस्पर्धा नगराइ सोझै खरिद विधिबाट दररेट माग गरि खरिद गरेको देखियो। सम्झौता बमोजिमको कार्य बाँकी रहेको गर्न बाँकी रहेको र थप काम समेत प्राविधिक पुष्ट्याइका आधारमा खरिद सम्झौतामा व्यवस्था भएबमोजिम भेरिएसनबाट गराउन सकिने अवस्थामा सोझै खरिद गरेको नियमित नदेखिएको रु.

योजना	ठेक्काबाट गरेको			सोझै खरिद		
	लागत अनुमान	कबोल	घटी%	निर्माण व्यवसायी/ उ.स.	लागत अनुमान	कबोल/ खर्च
देउराली थाम सोलहाल्ना मोटरबाटो (MRM/NCB/04/2081/82)	२६४५९९८५	१०३८०६६३	६०.००%	शिर्ष विल्डर्स प्रा. लि.	९९९९९६	९८७५००

अनियमित भएको	९,८७,५००

४८ **१५ शैय्या अस्पताल निर्माण(MRM/NCB/077/078/05)**

१५ शैय्या अस्पताल निर्माण(MRM/NCB/077/078/05) का लागि महादेव खिम्ति पीपी लेकाली जेभी सँग मिति २०८१।३।३१ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।५।३१ मा रु.१५,५८,२६,९०५ (मू.अ. करसहित) को सम्झौता भएकोमा हालसम्म आठौं रनिङ बिल जारी भई रु.८,८४,१५,७३० (मू.अ. करसहित) को कार्यप्रगति भएको देखिन्छ भने उक्त कार्यको ७ औ रनिङ बिलसम्मको मूल्य समायोजनबापत रु.१,२२,६७,८६९(मू.अ. करसहित) थप भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा थप बेहोरा निम्नअनुसार छन्:

४८.१ **मूल्य समायोजन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५(१) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणवाट सम्झौता वमोजिमको काम सो सम्झौतामा उल्लिखत अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ । आयोजनाले बिभिन्न निर्माण कार्यको म्याद थप गर्दा थप आर्थिक दायित्व नबढ्ने गरी म्याद थप गरेको देखिन्छ। पालिकाले १५ शैय्या अस्पताल निर्माण(MRM/NCB/077/078/05) सुरु सम्झौताको म्याद समाप्त भएको अबधिको सुचक फ्रिज गरी मूल्य समायोजन भुक्तानी भएकोमा सूचकहरुको मान घटेको अवस्थामा समेत Freeze Index ले भुक्तानी गर्दा निम्नअनुसार बढी भुक्तानी भएको देखिन्छ। बढी भुक्तानी रकम महादेव खिम्ति पीपी लेकाली जेभीबाट असुल गर्नुपर्ने रु.

IPC	Date of Submission of IPC	30 Days prior of submission of IPC	Current Indices			Multiple Factor	Running Bill Amount with out Advance	Adjusted Amount
			Ln	Mn	En	Pn	R	A=(Pn-1)*R
6	11/22/2024	10/23/2024	592.82	132.6	138.18	1.153	10,342,808.00	1582449.624
7	1/23/2025	12/24/2024	592.82	131.9	138.18	1.149	6,555,858.00	976822.842
							PA Amount	2559272.466
	Lo	Mo	Eo				PA Paid	3075557
	514.53	111.42	113.69				Over Paid	516284.534
	b=0.25	c=0.55	d=0.05		a=0.15		With VAT	583,401.52

असुल गर्नुपर्ने	५,८३,४०१

४८.२ **UPVC CGI Sheet को कार्य**

पालिकाले स्वीकृत गरेको डिपिआर अनुसार बिरामी ट्रली गुडाउनका लागि र्‍याम्पसहितको भवनको लागत अनुमान तयार भएकोमा डिपिआर अनुसार फिल्डमा जग्गा नभएकोले भवन पछाडिको र्‍याम्प निर्माणसम्बन्धी कार्यका लागि जग्गा पर्याप्त नभई र्‍याम्प निर्माण हुननसकेको अवस्था देखिन्छ। उक्त र्‍याम्पको माथि पट्टी प्रयोग हुन ३मि.मि. बाक्लो UPVC Roofing (BoQ no. 14 Providing, fabricating and laying 3 mm thick UPVC sheet) को लागत अनुमान परिमाण १६३.३९ वर्ग मिटरको मू.अ. कर सहित करिब ३ लाख ५० हजार जति लागत पर्ने देखिन्छ। सो कार्यलाई पालिकाले बोलपत्र संशोधन गरी Construction experience in Key Activities मा समावेश गरी १३० वर्ग मि. गरेको हुनुपर्ने भनी योग्यता निर्धारिण गरेकोले ५ जनामध्ये ४ जना अन्य बोलपत्रदाता मूल्यांकनमा अस्वीकृत भई एक जनामात्र बोलपत्र दाता उत्तीर्ण भएको देखिन्छ। Construction experience in Key Activities मा उल्लेख गरिएको UPVC sheet; र्‍याम्प निर्माण नहुदाँ आवश्यक नपर्ने देखिन्छ। करिब रु.१५करोड ५८ लाखको निर्माण कार्यमा रु. ३ लाखको मात्र काम रहेको UPVC Roofing लाई बोलपत्र संशोधनबाट Construction experience in Key Activities मा समावेश गरी प्रतिस्पर्धा सिमित गरेको उचित देखिएन।

४८.३ **लिफ्ट जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार सार्वजनिक निकायले आपूर्ति गरिएको मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमको भए नभएको निरीक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ। पालिकाले १५ शैय्या अस्पतालको ठेक्का अन्तर्गत रु.९३,४९,६४२ (मू.अ.कर र मूल्यसमायोजनसहित) को लिफ्ट जडान गरेकोमा ठेक्काको विओक्युमा लिफ्टको Speed 1 mps, Type of Drive, Shaft Size, Pit Depth, Over head, Car size, Car Enclosure, Granite Flooring, Hand Rail, Door Operation Safety & Buffers, Standard Features, ARD Automatic Rescue Device, Voice Announcement System, infra-red Safety curtain Door Protection, Firemen Device, Dot Matrix display, LED Indirect Fluorescent Lighting fixture, Cross Flow Air fan at Ceiling, Alarm & Emergency light (Concealed) with re-chargeable battery लगायत अन्य स्पेशिफिकेशन उल्लेख भएकोमा सो अनुसारको प्राप्त भए नभएको सम्बन्धमा निर्माण व्यवसायीले परीक्षण प्रतिवेदन पेश गरेको देखिएन। तोकिएको स्फेशिफिकेसन अनुसार प्राप्त भए नभएको सम्बन्धमा परीक्षण गरी कार्यस्वीकार गर्नुपर्दछ।

४८.४ **सम्झौता अनुसार कार्यप्रगति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) अनुसार खरिद कार्य सम्झौता अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनुभन्दा २१ दिन अगावै संशोधित कार्यतालिका, म्याद थप गर्नुपर्ने कारण र अन्य आवश्यक कागजातसहिन निवेदन दिनुपर्ने व्यवस्था छ। अन्यथा सोही नियमावलीको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिएर कामसम्पन्न गराउने व्यवस्था छ। सुरु सम्झौताअनुसार १५ शैय्या अस्पताल निर्माणको कार्य मिति २०८१।३।३१ सम्ममा

सम्पन्न गर्ने गरी मिति २०७८।५।३१ मा कार्यादेश दिएकोमा निर्धारित समयमा कार्यसम्पन्न हुन नसकी कार्यपालिकाको मिति २०८१।३।६ को निर्णयले मिति २०८२।३।१० सम्म कार्यसम्पन्न गर्ने गरी म्याद थप गरेको देखिन्छ। सुरु कार्यसम्पन्न अवधि २ वर्ष १० महिना रहेकोमा पालिकाले ११ महिना १० दिन म्याद थप गरेको देखियो। सुरु सम्झौता अवधिको थप ४४% अवधि म्याद थप भएको देखिएता पनि हालसम्म ५६.७३% मात्र कार्यप्रगति भएको देखिन्छ। कामसम्पन्न नभई ढिला हुनुको कारण विश्लेषण गरी ठेकेदारको कारण ढिला भएको देखिएमा पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ नियमावलीमा व्यवस्था भए बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

४९ **देउराली थाम सोलहाल्ना मोटरबाटो**

देउराली थाम सोलहाल्ना मोटरबाटो का लागि कार्की ब्रदर्श कन्सट्रक्सनसँग मिति २०८२।३।३२ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०८१।९।२८ मा रु.१,०३,८०,६६३ (मू.अ. करसहित) को सम्झौता भएकोमा हालसम्म तेस्रो रनिङ बिल जारी भई कुल रु.८४,०४,२६७(मू.अ. करसहित) भुक्तानी भएको देखिन्छ। यस सम्बन्धमा थप बेहोरा निम्नअनुसार छन्:

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) अनुसार खरिद कार्य सम्झौता अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनुभन्दा २१ दिन अगावै संशोधित कार्यतालिका, म्याद थप गर्नुपर्ने कारण र अन्य आवश्यक कागजातसहिन निवेदन दिनुपर्ने व्यवस्था छ। अन्यथा सोही नियमावलीको नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिएर कामसम्पन्न गराउने व्यवस्था छ। निर्माण व्यवसायीले सम्झौता रकमको तुलनामा कार्यसम्पन्न गर्नुपर्ने अवधिसम्ममा ८०.९६% मात्र वित्तीय प्रगति गरेको र म्याद थपको निवेदनसमेत पेश नभएको अवस्था देखिन्छ। कामसम्पन्न नभई ढिला हुनुको कारण विश्लेषण गरी ठेकेदारको कारण ढिला भएको देखिएमा पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ नियमावलीमा व्यवस्था भए बमोजिम कार्यसम्पन्न गराउनुपर्दछ।

५० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको पेश्की बाँकीको अवस्था निम्नअनुसार रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट हुनुपर्दछ।

क्र.सं.	पेश्कीको विवरण	पेश्की लिने	चालु आ. व.		गत आ.व.	
			म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको	म्याद नाघेको
१	१५ शैय्याको अस्पताल भवन निर्माण	महादेव खिम्ती पि.पि. लेकाली जे.भी.			४८,२५,२७५	

५१ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा २१(२) अनुसार आर्थिक कारोबार बन्द गरेपछि प्रचलित कानून बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैंकसँगको हिसाब मिलान गरी बाँकी रहेको सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वापत रु७ करोड ५७ लाख ८७ हजार ६ सय २८ खर्च लेखेको छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गरी रु२ लाख ५७ हजार ३ सय ८० फिर्ता गरेको र वितरण हुन नसकेको भत्ता रकम सम्बन्धमा पालिकाले थप एकीन गरि भत्ता वितरण तथा फिर्तालाई व्यवस्थित बनाउनुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मल्लरानी गाउँपालिका, प्युठान , मल्लरानी गाउँपालिका , प्यूठान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	गिर बहादुर सेजुवाल	२०८०-११-११	२०८१-११-२२
कार्यालय प्रमुख	बाबुराम न्यौपाने	२०८२-०१-०२	२०८२-०४-०४

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,८६६,४२२	७,९५९,७१८	२,४३९,१४८	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१२,२६५,२८८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,८१९,१३१
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१०,४४६,१५७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५५०६५२९४.५६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२५८८५०७७१	**चालु खर्च**	२४२८६८०३३.२२
प्रदेश सरकारबाट अनुदान	१८२०२७१६	**पूँजीगत खर्च**	९२७२६७९५
राजश्व बाँडफाँट	७३८२४०२१.८१	**वित्तीय/अन्य व्यवस्था**	१५७६३५८२९.९
आन्तरिक आय	५७८०३८८.२६		
अन्य आय	१४६५८११४२.४७		
कुल आय	५०३२३९०३९.५४	**कुल खर्च**	४९३२३०६५८.१२
बाँकी मौज्दात		६५०७३६७५.९८	

अनुसूची - २

बेरूजु दफा ६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति भुक्तानी हिसाब (म.ले.प.फारम २७०)

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,६५,३५,४३०.७५	०	७,६५,३५,४३०.७५	६,९४,५०,८०३.६५	०	६,९४,५०,८०३.६५
१३०००	अनुदान		२६,३०,८४,३७०.४०	०	२६,३०,८४,३७०.४०	२५,६०,०४,८२४.७०	०	२५,६०,०४,८२४.७०
१४०००	अन्य राजस्व		२९,४०,४८२.०३	०	२९,४०,४८२.०३	३३,७१,३९४.५८	०	३३,७१,३९४.५८
१५०००	विविध प्राप्ति		१,४३,७३५.००	०	१,४३,७३५.००	३,३५०.००	०	३,३५०.००
क	कुल जम्मा प्राप्ति		३४,२७,०४,०१८.१८		३४,२७,०४,०१८.१८	३२,८८,३०,३७२.९३		३२,८८,३०,३७२.९३
३	चालु		२४,२८,६८,०३३.२२	०	२४,२८,६८,०३३.२२	२३,९१,७०,२४६.२८	०	२३,९१,७०,२४६.२८
२१०००	पारिश्रमिक / सुविधा		१६,२५,०२,३२६.१२	०	१६,२५,०२,३२६.१२	१६,५७,४९,६८३.९८	०	१६,५७,४९,६८३.९८
२२०००	मालसामान तथा सेवाको उपयोग		७,६१,३८,१८१.१०	०	७,६१,३८,१८१.१०	६,७१,८७,०२३.३०	०	६,७१,८७,०२३.३०
२५०००	सहायता (Subsidy)		६,१५,६७०.००	०	६,१५,६७०.००	०	०	०
२७०००	सामाजिक सुरक्षा		२०,९९,२४०.००	०	२०,९९,२४०.००	४४,३४,०४२.००	०	४४,३४,०४२.००
२८०००	अन्य खर्च		१५,१२,६१६.००	०	१५,१२,६१६.००	१७,९९,४९७.००	०	१७,९९,४९७.००
४	पूंजीगत		९,२७,२६,७९५.००	०	९,२७,२६,७९५.००	१०,७१,२९,१५५.७२	०	१०,७१,२९,१५५.७२
३१११०	भवन तथा		५८,३०,०५२.००	०	५८,३०,०५२.००	४८,५१२.००	०	४८,५१२.००

	संरचना							
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		४२,०६,५८६.००	०	४२,०६,५८६.००	७५,६८,५९५.००	०	७५,६८,५९५.००
३११३०	अन्य पूँजीगत खर्च		३,९८,८९०.००	०	३,९८,८९०.००	४,५४,२६०.००	०	४,५४,२६०.००
३११५०	सार्वजनिक निर्माण		८,०३,६०,८२८.००	०	८,०३,६०,८२८.००	९,९०,५७,७८८.७२	०	९,९०,५७,७८८.७२
३११७०	पूँजीगत सुधार खर्च		१९,३०,४३९.००	०	१९,३०,४३९.००	०	०	०
ख)	कुल जम्मा भुक्तानी		३३,५५,९४,८२८.२२		३३,५५,९४,८२८.२२	३४,६२,९९,४०२.००		३४,६२,९९,४०२.००
ग)	बचत /कमी (ग = क-ख)		७१,०९,१८९.९६		७१,०९,१८९.९६	(१,७४,६९,०२९.०७)		(१,७४,६९,०२९.०७)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		२९,२२,९४२.४५		२९,२२,९४२.४५	१,१०,३४,४९६.००		१,१०,३४,४९६.००
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा		१,००,३२,१३२.४१		१,००,३२,१३२.४१	(६४,३४,५३३.०७)		(६४,३४,५३३.०७)

	बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)							
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		५,५०,६५,२९४.५६		५,५०,६५,२९४.५६	६,१४,९९,८२७.६३		६,१४,९९,८२७.६३
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		६,५०,९७,४२६.९७		६,५०,९७,४२६.९७	५,५०,६५,२९४.५६		५,५०,६५,२९४.५६

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन, आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदनको गुणस्तरीयता कायम गरी प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।